नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government. of Nepal)

पत्र संख्या : २०७६/७७
Ref No. : २२८.

## सेन्सेटिभ इन्डेक्ससँग सम्बन्धीत भ्रामक समाचार बारे

## सूचना

कुनै अनलाईन समाचारमा **"नेप्सेको इन्डेक्स गणनामा हदैसम्मको लापरवाही, यसरी हुदैछ खेलबाड"** शिर्षकमा नेप्सेको सेन्सेटिभ इन्डेक्स बारे भ्रामक समाचार प्रसारण गरिएकोमा नेप्सेको गम्भिर ध्यानाकर्षण भएको छ । लगानीकर्तालाई धितोपत्र बजारसँग सम्बन्धित सत्य तथ्य सूचना जानकारी प्रदान गर्न आफ्नो स्रोतसाधनले भ्याएसम्म नेप्से सदैव कृयाशील र प्रतिबद्ध छ । २०७५ श्रावण देखि **"धितोपत्र सूचिकरण विनियमावली, २०७५"** लागू भएको सर्वविधितै छ । उक्त विनियमावली बमोजिम नेप्सेले 'ए', 'बि', 'जि' र 'जेड' वर्गमा सूचिकृत कम्पनीहरुको बर्गीकरण गर्ने तर समाचारमा भनिए जसरी 'क' वर्गका कम्पनी छुट्याउने गरिएको छैन । साविकको 'क' वर्गमा रहेका कम्पनीलाई सेन्सेटिभ वर्ग भनि सम्बोधन गर्ने र विनियमावलीले तोकिएको वर्गिककरण सँग सेन्सेटिभ इन्डेक्सको कुनै सम्बन्ध नरहेको भनि मिति २०७५/०६/२९ मा सूचना जारी गरिसकिएको अवस्थामा उल्लेखित समाचारमा सत्यतथ्य नरहेको जानकारी गराईन्छ। साथै, धितोपत्र कारोबार हुदाँ नेप्सेले तोकेको इन्डेक्समा कारोबार भएका कम्पनीहरुको तोकिए बमोजिम स्वतः प्रभाव पर्ने हुदाँ इन्डेक्समा सम्बन्ध राख्ने कम्पनी र वर्ग छुट्याइएका कम्पनीहरु बीच फरक रहेको व्यहोरा जानकारी गराईन्छ ।

पुँजीबजारमा सूचना तथा अन्य जानकारी लगायतका बिषय उपर शसक्त रुपमा समाचार प्रवाह गरि आमलगानीकर्तामा पुँजीबजार सम्बन्धी सचेतना अभिबृद्धी गर्ने कार्यमा सञ्चार जगतले खेल्नुभएको भुमिकाको सरहाना गर्दै आगामी दिनमा अझ प्रभावकारी रुपमा समन्वय, सहकार्य गर्दै पुँजीबजारको विकास र विस्तारमा थप योगदान पुग्नेमा नेप्से अपेक्षा गर्दछ ।

मिति : २०७६/०५/२६

पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।
P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.
Tel.: 4250755–59, 4250734, 4250735 Fax: 4262538